मितिः २०८३/०८/०९ (बुधबार)
समयः बिहान १०:०० बजे
स्थानः जिल्ला प्रशासन कार्यालय, मुगुको सभाहल।

आर्थिक वर्ष २०८३/०८४ का लागि यसअघि स्वीकृत मुगु जिल्ला दररेटलाई *"सार्वजनिक खरिदमा आवद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी कार्यविधि, २०८३"* बमोजिम पुनरावलोकन गरी नयाँ दररेट कायम गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारी श्री पोषणराज भण्डारी ज्यूको अध्यक्षतामा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दररेट निर्धारण समितिको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसी निम्नानुसारका निर्णय गरियो।

उपस्थितिः

प्रमुख जिल्ला अधिकारी, श्री पोषणराज भण्डारी , जिल्ला प्रशासन कार्यालय, मुगु।	अध्यक्ष
जिल्ला समन्वय सदस्य, श्री दान बहादुर रावल, जिल्ला समन्वय समिति।	सदस्य
नि.जिल्ला समन्वय अधिकारी, श्री कबिन्द्र राई, जिल्ला समन्वय समिति।	सदस्य
कोष नियन्त्रक, श्री विवेक गिरी, कोष तथा लेखा नियन्त्रक कार्यालय।	सदस्य
प्रतिनिधि, श्री दान बहादुर बुढा, उद्योग वाणिज्य संघ।	सदस्य
प्रतिनिधि, श्री केशवराज चौलागाई, निर्माण व्यवसायी संघ।	सदस्य
कार्यालय प्रमुख, श्री ई.सुशील आचार्य, पूर्वाधार विकास कार्यालय।	सदस्य सचिव

आमन्त्रितः

श्री धन कृष्ण पाण्डे	सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मुगु।
श्री जय प्रसाद कुमाई	(नायव सुब्वा) पूर्वाधार विकास कार्यालय, मुगु।
श्री दिल माया पाण्डे	(सब-ईन्जिनियर), सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना, मुगु।
श्री बखत बढुवाल	प्रतिनिधि, निर्माण व्यवसायी, मुगु।
श्री मनमोहन सिं खड्का	(सब-ईन्जिनियर) पूर्वाधार विकास कार्यालय।, मुगु

निर्णय नं.१:

आर्थिक वर्ष २०८३/०८४ का लागि यसअघि मुगु जिल्लामा स्वीकृत भई लागू गरिएको जिल्ला दररेटका विभिन्न ३४ वटा विभिन्न श्रमिकहरूको दैनिक ज्याला दररेटलाई *"सार्वजनिक खरिदमा आवद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी कार्यविधि, २०८३"*को दफा १६ बमोजिम समायोजन गरि कार्यान्वयन गर्ने।

२०८३/०८/०९
पोषन राज भण्डारी
प्रमुख जिल्ला अधिकारी